# बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक एवम् नगर उपप्रमुख नन्दा कुमारी थापाबाट नगर सभा समक्ष प्रस्तुत गर्नु भएको



# आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य

## बडीमालिका नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## मार्तडी, बाजुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल

**बडीमालिका नगरपालिकाको पन्ध्रौ नगरसभामा उप प्रमुख श्री नन्दा कुमारी थापाज्यूद्वारा प्रस्तुत चालु आर्थिक वर्ष २०८०/८१ को बजेट समिक्षा तथा आगामी आर्थिक बर्ष २०८१/०८२ को बजेट बक्तव्य ।**

बडीमालिका नगरपालिकाको पन्ध्रौ नगर सभाका सभाध्यक्ष महोदय, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजकज्यू, यस गरिमामय नगरसभामा उपस्थित नगरसभा सदस्यज्यूहरू, उपस्थित संचारकर्मीज्यूहरू, नगरका सम्पूण नगरबासी आमा, वुवा दाजुभाइ तथा दिदीबहिनी!

बडीमालिका नगरपालिकाको उप-प्रमुखको हैसियतले यस नगरपालिकाको सम्मानित पन्ध्रौ नगरसभा समक्ष "**कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार: बडीमालिका नगरपालिका समृद्धिका प्रमुख आधार**" भन्ने दीर्घकालीन सोच सहित चालु आर्थिक वर्ष २०८०।८१ को समिक्षा तथा आगामी आर्थिक वर्ष २०८१।८२ को अनुमानित आय र व्ययको विवरण प्रस्तुत गर्न पाउँदा मलाई गौरब महशुस भएको छ।

यस विशिष्ट अवसरमा ऐतिहासिक संविधान सभा निर्माण, संघीयता, राष्ट्र र राष्ट्रियताको संरक्षण, गणतन्त्रको स्थापना, धर्म निरपेक्षता, समानुपातिक समावेशीता, सामाजिक न्याय र सुशासन सहितको समृद्ध राष्ट्र र सुखी नेपालीको महान लक्ष्यमा राष्ट्रलाई पुऱ्याउने र समाजमा रहेका सबै खाले बिभेद, विकृति, विसंगतीको अन्त्य गर्दै नेपाल राष्ट्रको राजनीति आर्थिक सामाजिक परिवर्तनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका न्यायपूर्ण आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरूप्रति उच्च समान साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यसै क्रममा घाईते तथा अपाङ्ग भएका व्यक्तिहरूको सु-स्वास्थ्यको कामना गर्दछु ।

नगरपालिकाको सर्वाङ्गीण विकासका लागि स्थानीय सरकारसँग जनताहरूको अपार आशा र अपेक्षा रहेको हुन्छ। उपलब्ध स्रोत साधन र अवसरको उच्चतम प्रयोग, न्योयोचित वितरण र संविधान प्रदत्त अधिकारहरूको सफल कार्यान्वयनबाटनै जनताको विकास र समृद्धिको आकांक्षालाई पुरा गर्न सकिन्छ। "**कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार: बडीमालिका नगरपालिका समृद्धिका प्रमुख आधार**" भन्ने दीर्घकालीन सोचलाई मूर्त रूप दिन प्रस्तुत बजेट तथा कार्यक्रमले थप सहयोग पुऱ्याउनेछ ।

यस नगरपालिकाले विकास निर्माणको कार्यलाई गुणस्तरीय बनाउन नगर भित्रका आम उपभोक्ताहरू, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरू लगायत सामाजिक संस्थाहरूको निरन्तर सहयोग रहँदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनीधीहरूले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्नु पर्दछ भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचाभित्र आवद्ध गराई अगाडि बढाउनु पर्दछ । यसमा आम नागरिकहरूले साथ सहयोग र सुझाव दिनु पर्दछ। लोकतान्त्रिक आधारभूत मूल्य मान्यता, बहुदलिय लोकतान्त्रिक शासन प्रणाली, मानवअधिकार, सामाजिक न्याय, सहकारिता, सह-अस्तित्व, सामवेशिता र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै विधिको शासन प्रति हामी प्रतिबद्ध छौ । लोकतन्त्रलाई सामाजिक जीवनपद्दतिको रूपमा स्थापित गर्ने कुरामा नगर सरकार हरपल प्रयत्नशील छ। शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकुन भन्नेमा हामीहरू अत्यन्त सचेत छौं । नगरको भौगोलिक, सामाजिक, आर्थिक, साँस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्वयात्मक विकासको बाटोमा अघी बढ्न नगर सरकार दृढ छ । "जनप्रतिनिधीहरू शासक होईनन्, जनताका सेवक हुनः भन्ने मान्यतालाई हामीले आफ्नो जीवन र नगरपालिकाको जिम्मेवारी प्रतिको कार्यगत संस्कार र मार्गदर्शक सिद्धान्तको रूपमा ग्रहण गरेका छौं ।

**नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरू!**

**अब म चालु आर्थिक वर्षको क्षेत्रगत बजेट तथा कार्यक्रमको प्रगति समीक्षा पेश गर्न चाहान्छु।**

**१. समस्या तथा चुनौतिहरू:**

- कतिपय उपभोक्ताको काममा ढिलाई र गुणस्तरीयता कमजोर हुनु ।
- जटिल भौगोलिक भू-बनोटको कारण विकास निर्माण कार्य खर्चिलो हुनु।
- दिगो विकास र वातावरणमैत्री अवधारणा अनुसार योजना तर्जुमा र कार्यान्वयन नहुनु ।
- योजना तथा कार्यक्रमको संख्या साना र धेरै हुनु ।
- योजना तथा कार्यक्रम कार्यान्वयन र सेवा प्रवाहमा संघ, प्रदेश र स्थानीय तहवीचमा उचित समन्वय नहुनु ।
- नगरपालिकाको दरबन्दी अनुसारका कर्मचारीहरूको व्यवस्थापन नहुनु ।
- नगरपालिकाको पर्याप्त आन्तरिक स्रोत नहुनु ।
- स्थानीय तहलाई आवश्यक हुने ऐन, नियम कानूनहरूको पूर्णरूपमा निर्माण हुन नसक्नु साथै निर्माण भएका ऐन, नियम, कानून र कार्यविधिहरू पूर्ण रूपमा कार्यान्वयन हुन नसक्नु ।
- आवधिक योजना तथा क्षेत्रगत गुरूयोजना अनुसार योजना छनौट तथा कार्यान्वयन हुन नसक्नु ।
- समानीकरण अनुदान र राजश्व वाँडफाँडको रकम समयमा निकासा नहुनु तथा न्यून मात्रामा प्राप्त हुनु ।

**२. उपरोक्त समस्या र चुनौतिहरूको बीच चालु आर्थिक वर्षमा बडीमालिका नगरपालिकाले हाँसिल गरेको क्षेत्रगत प्रगति र उपलव्धीहरू देहाय बमोजिम समिक्षा गर्न चाहान्छु ।**

**२.१ आर्थिक क्षेत्र:**

कृषि पेशालाई व्यवसायिक मर्यादित र आधुनिक बनाउनका लागि १०६० जना कृषकहरुलाई विभिन्न कृषि सम्बन्धि तालिम उपलब्ध गराएको छ भने ७४ हेक्टर जमिनमा हिउँदे तथा बर्षे फलफुलका विरुवा रोपण कार्य सम्पन्न गरिएको छ। २० हेक्टर जमिनमा थप सिचाइको सुविधा भएको छ भने २५ वटा सामुदायिक विद्यालयममा स्थानीय उत्पादनलाई प्रबर्द्धन गरी दिवा खाजामा समावेश गरिएको छ। पाहुनाहरुलाई रैथाने बालीको उपहार दिई स्थानीय उत्पादनको प्रचार प्रशार गर्ने कार्यको शुरूवात गरिएको छ। विगतदेखि स्वागत स्वरूप आयातित खादालाई विस्तापित गर्दै फुलको माला प्रयोग गरी कृषकहरुलाई फूल खेतिमा आकर्षित गरिएको छ। १०० हेक्टर जमिनमा रैथाने बालीको विस्तार गर्नुका साथै नगरपालिकाको कृषि एम्बुलेन्सद्धारा १५० टन कृषिजन्य उत्पादनको ढुवानी तथा बजारिकरण गरिएको छ । आर्थिक रूपमा विपन्न कृषकहरूको लागि मौसमी तथा बेमौसमी तरकारीको विउ निःशुल्क वितरण गर्दै त्यसको उपयोगिताको लेखाजोख गर्ने गरिएको छ। कृषिलाई व्यवसायिक बनाउन कृषी बजार सञ्चालन गर्न नगर सरकारको पहल कदमी तथा अगुवाईमा बजेट विनियोजन भई निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ। बडीमालिका पर्यटन क्षेत्रको विकास र प्रबद्धन लागि नगर सरकारको समन्वयमा संघ तथा प्रदेशका सरकारका कार्यालय ,स्थानीय तह,नेपाल पर्यटन बोर्ड र गैर सरकारी संस्थाहरुका प्रमुखहरुको आगमनसंगै आन्तरिक तथा बाह्य पर्यटकहरुको ३० प्रतिशतले वृद्धि हुनुका साथै डीजिटल प्रविधि बाट बडीमालिका नगरपालिकाको प्रचार प्रसारका लागि भिडियो डकुमेन्ट्री तयार भएको छ ।

**२.२ सामाजिक क्षेत्रः**

चालु आर्थिक वर्षमा सामाजिक विकास तर्फ शिक्षकहरूको तालिम, नियमित प्र.अ.हरूको बैठक, दरबन्दी न्यून रहेका विद्यालयहरूमा नगरबाट एकमुष्ट अनुदानको व्यवस्था गरी शिक्षकको अभावलाई पूर्ति गरिएको छ। केही विद्यालयहरूमा साना तिना पूर्वाधार निर्माण भएका छन भने सत्यवादी मा.वि. भौनेरा र चोयाकोट मा.वि. रजालीमा विद्यालयको नयाँ भवन निर्माण भएका छन् भने अन्य २१ वटा विद्यालयका  भौतिक संरचना मर्मत सुधार गर्ने कार्य सम्पन्न भएको छ।  उच्च तथा प्राविधिक शिक्षा अध्ययन गर्ने विपन्न परिवारका विद्यार्थीका लागि छात्रवृत्ती वितरण गरिएको छ।  चोयाकोट मा वि मा दिवा खाजा केन्द्रको निर्माण सम्पन्न गरिएको छ भने नेपाल सरकारको पढ्दै कमाउदै कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनका लागि नगर सरकारको पहलमा यस अभियानलाई  चोयाकोट मा वि बाट सुरुवात गरिएको छ ।

३ वटा अधुरा शहरी स्वास्थ्य केन्द्रका भवन निर्माण कार्य सम्पन्न भएको छ भने स्वास्थ्य उपकरणको व्यवस्था गरिएको छ। एक स्वास्थ्य संस्था एक ल्यापटप कार्यक्रम बमोजिम सबै संस्थाहरूलाई कम्प्युटर उपलव्ध गराइएको छ जसले गर्दा संस्थाबाट नै अनलाईन रिपोटिङ हुने भएको छ।  पालिकाको गौरबको योजनामध्येको १० शैयाको अस्पतालको निर्माण कार्य करिव ७५ प्रतिशत काम सम्पन्न भएको छ।  मार्तडी स्वास्थ्य चौकिमा स्मार्ट हेल्थको सुरुवात गरिएको छ । विपन्न नागरिकहरूको लागि उपचार सहायता तथा निःशुल्क रूपमा एम्बुलेन्सको  सेवा प्रदान गरिदै आएको छ ।
सामाजिक कु प्रथा,कुसंस्कारको अन्त्य गर्न र सचेतिकरण अभियानलाई पालिका स्तरमा छाउगोठ मुक्त घोषणा गर्ने अभियान अन्तर्गत २ नं वडालाई छाउगोठ मुक्त वडा घोषणा साथै लैङ्गिक हिंसामा परेका महिलालाई संरक्षण तथा क्षमता विकासका लागि प्रयोग गर्ने गरी बडीमालिका नगरपालिकाको समन्वयमा सुरक्षित आवास गृह निर्माण (सेफ हावस) निर्माणका लागि जग्गा व्यवस्थापन गराई भवन निर्माण भईरहेको छ।

**२.३ पूर्वाधार क्षेत्रः**

पूर्वाधार विकास तर्फ मार्तडी बडीमालिका धार्मिक एवं मनोरञ्जनात्मक पर्यटकीय सडक निर्माण कार्य भईरहेको एवं उक्त सडकको स्तरोन्नतीको काम समेत भई रहेको छ भने मार्तडी बुढाकोर्ध सडक निर्माण कार्य समेत भईरहेको अवगत गराउन चाहन्छु । त्यसै गरी चुथी-गोपुसेरा-खिरिडा सडक र काँधकाडाँडा ढम्कने खिरिडा सडक समेत निर्माण भई रहेको छ । वडा कार्यालय जोड्ने सडकको स्तरोन्नतीको काम भएको छ र नगरपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण भईरहेको छ भने बडा नं. २, ५ र ६ को वडा कार्यालय भवन निर्माणको प्रकृया अगाडि बढेको छ। संघ प्रदेश र नगरपालिकाको संयुक्त लगानी सञ्चालन गर्ने गरी बडीमालिका गौमुल दर्ना बृहत खानेपानी निर्माण प्रारम्भ गरिएको छ । वर्षादको समयमा अवरुद्ध सडकलाई नियमित सञ्चालनाका लागि र आन्तरिक आम्दानि वृद्धि गर्नका लागि J.C.B.(जे सि वि) खरिद कार्य अगाडि बढाईएको छ।

**२.४ वातावरण तथा विपद् व्यवस्थापनः**

विपद व्यवस्थापनका कार्यक्रम अन्तर्गत विभिन्न प्रकोपबाट पिडित नगरबासीहरूलाई राहत उपलब्ध गराईएको छ । २०७७ सालमा मनसुनजन्य विपदका कारण प्रभावित ३७ घरपरिवारलाई आवास निर्माण सम्पन्न भई भुक्तानीको लागि अन्तिम चरणमा रहेको छ । भू-संरक्षणका लागि तटबन्धन गर्ने कार्य सम्पन्न गरिएको छ।

**२.५ संस्थागत विकास तथा सुशासनः**

संस्थागत विकास एवं सेवा प्रबाहलाई प्रविधीमैत्री बनाउदै  प्रविधिमैत्री प्रशासन, विकास, समृद्धि र सुशासन नारालाइ साकार पार्न पेपरलेस बडीमालिका सरकारको अवधारणा अनुरूप  डीजिटल बडीमालिकाको रुपमा दर्ता,

चलानी, सिफारिस, पत्राचार, योजना, लेखाङ्कन, प्रतिवदेन र राजश्व संकलन एकिकृत सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउँदै लगिएको छ। जनप्रतिनिधी र कर्मचारीहरूको क्षमता विकास गर्ने कार्य सम्पन्न भएको छ र यसलाई नियमित गरिनेछ।

**२.६ विधायन समितिः**

विधायन समिति तर्फ चालु आर्थिक वर्षको हालसम्म १८ वटा विभिन्न ऐन कानुनहरू तयार गरी पारित गरिएको छ।

**२.७ न्यायीक समितिः**

न्यायीक समिति तर्फ चालु आर्थिक वर्षको हालसम्म २४ वटा मुद्दा दर्ता भएका छन् जसमध्ये १४ वटा मेलमिलाप गरी फर्छौट भएका छन् भने १० वटा छलफलमा रहेका छन् ।

**३. बजेटको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलव्धीहरूः**

**(क) दीर्घकालिन सोचः " कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधारः बडीमालिका नगरपालिका समृद्धिका प्रमुख आधार**" हाम्रो दीर्घकालिन सोच रहेको छ।

**(ख) लक्ष्यः**

१. नगरबासीहरूको आर्थिक प्रगति तथा समृद्धिमा अभिवृद्धि गर्ने,
२. सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्ने
३. दिगो, गुस्तरीय र सुविधायुक्त भौतिक पूर्वाधारहरूको विकास गर्ने,
४. लैङ्गिक असमानता, सामाजिक न्याय, समानता तथा समावेशिकरणलाई प्रवर्द्धन गर्ने ।
५. शैक्षिक गुणस्तरमा सुधार गर्ने,
६. कृषि क्षेत्रलाई व्यवसायीकण गरी कृषि उत्पादनमा आत्मनिर्भर बनाउने र रैथाने बालीको प्रवर्द्धन गर्ने ।
७. नगरबासीमा स्वच्छ र सफा खानेपानी आपूर्ति गर्ने ।
८. नगरपालिकाको सेवा प्रबाहलाई चुस्त र दुरूस्त बनाउने ।
९. खेलकुद क्षेत्रको थप विकास गर्न विभिन्न खेलकुद कार्यक्रमहरू संचालन गर्ने ।
१०. आधारभुत स्वास्थ्य सेवालाई वडा तथा वस्तीस्तरबाट उपलव्ध गराउदै आएकोमा त्यसलाई थप सुधार र व्यवस्थित गर्ने ।
११. नगरपालिकाको आर्थिक प्रगतिको प्रबल सम्भावना भएका धार्मिक एवं पर्यटकीय बडीमालिका लगायतका क्षेत्रको प्रवर्द्धन गर्ने ।
१२. संचालित योजनाहरूलाई वातावरणमैत्री, लैङ्गिक मैत्री, बालमैत्री र दिगो विकासमा जोड दिने ।

**(ग) अपेक्षित उपलव्धीहरूः आगामी आ.व.२०८१।८२ को अन्त्यसम्ममा प्रस्तुत बजेटको कार्यान्वयनबाट निम्न उपलव्धीहरू हाँसिल हुने अपेक्षा लिइएको छ।**

१. सडकहरूको स्तरउन्नती भई सबै वडा कार्यालय तथा वस्तीहरूमा सडक संजालमा जोडिनेछ भने मार्तडी बाडीमालिका र मार्तडी बुढाकोर्ध सडकको बर्ष भरीनै संचालन गर्न सकिनेछ।
२. वडा कार्यालयका आफ्नै भवनहरूबाट सेवा प्रबाह सुरू भएको हुनेछ।
३. कृषि तथा पशुपालन व्यवसायको व्यवसायीकरणबाट कृषि उत्पादन वृद्धि भएको हुनेछ।
४. मार्तडी बजार सहित नगरबासीको स्वच्छ खानेपानीको थप पहुँच पुगेको हुनेछ।

५. शैक्षिक गुणस्तरमा थप सुधार भएको हुनेछ।
६. खेलकुद क्षेत्रमा नयाँ र प्रतिभावान खेलाडीहरूको उदय हुनेछ।
७. लैङ्गिक समानता, सामाजिक न्याय र समावेशीकरणको थप प्रवर्द्धन भएको हुनेछ। लैङ्गिक संवेदनशिल बजेट कोड लागु भएको हुनेछ।
८. नगरपालिकाको सुशासन, जवाफदेहिता र पारदर्शितामा अभिवृद्धि भएको हुनेछ।
९. आधारभुत स्वास्थ्य सेवामा नगरबासीको पहुँचमा वृद्धि भएको हुनेछ भने १० शैया अस्पतालको निर्माण कार्य सम्पन्न भई संचालनमा आएको हुनेछ।
१०. वातावरणमैत्री, लैङ्गिकमैत्री, बालमैत्री संरचना निर्माणमा टेवा पुगेको हुनेछ।

**(घ) बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबलम्वन गरिएका प्रमुख नीति तथा आधारहरू**

**१. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न कुराहरूलाई प्रमुख आधारको रूपमा लिइएको छ।**

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- दिगो विकासको लक्ष्य २०१६-२०३०
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय सरकार र सुदूरपश्चिम सरकारले जारी गरेका नीति, कानून र मापदण्ड
- स्रोत अनुमान तथा सीमा निर्धारण समितिको सिफारिस
- राजश्व परामर्श समितिको सिफारिस,
- संघीय सरकार र सुदूर पश्चिम सरकारको बार्षिक नीति तथा कार्यक्रम र बजेट
- संघीय सरकारको विभिन्न परिपत्र एवं निर्देशनहरू
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सृजित दायित्वहरू,
- बडीमालिका नगरपालिकाको आवधिक योजना र क्षेत्रगत योजना,
- निर्वाचनको बेला नगरबासीसामु गरेका प्रतिवद्धता एवं घोषणाहरू,
- नगरपालिकाले आगामी आ.व.२०८१।८२ का लागि तय गरेको नीति तथा कार्यक्रमहरू र
- वडाहरूको जनसंख्या, भूगोल, क्षेत्रफल, खर्चको आवश्यकता, राजश्व क्षमता, पूर्वाधारको अवस्था समेतका आधारहरू।

**आदरणीय नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरू !**

**अब म गत आ.व.२०७९/०८० को यथार्थ आय-व्यय, चालु आ.व.२०८०/०८१ को संशोधित आय-व्यय र आ.व.२०८१/०८२ को अनुमानित आय-व्यय प्रस्तुत गर्न चाहान्छु।**

गत आ.व.२०७९।८० मा आन्तरिक राजश्वको लक्ष्य रू १ करोड १ लाख ६४ हजार राखिएकोमा ५० लाख २४ हजार ८ सय ६८ रूपैया ७० पैसा संकलन भएको थियो।

व्यय तर्फ चालु खर्चमा रू ३२ करोड ४१ लाख ४५ हजार ५ सय ७७ रूपैया ६०पैसा र पूँजीगत तर्फ १६ करोड ३० लाख ४७ हजार ४ सय ६२ रूपैया ४३ पैसा खर्च भएको थियो।

चालु आ.व.२०८०।०८१ को कुल राजश्वको लक्ष्य रू ४७ करोड ८ लाख ६२ हजार ४ सय राखिएकोमा असार मसान्तसम्म राजश्व संकलन रू ३९ करोड १६ लाख ९७ हजार मात्र हुने संशोधित अनुमान रहेको छ। यो रकम कुल लक्ष्यको ८१.४५ प्रतिशत रहने अनुमान गरिएको छ। व्यय तर्फ चालु खर्चमा रू ३१ करोड ४० लाख ६७ हजार ३ सय र पूँजीगत तर्फ १६ करोड ५८ लाख ११ हजार ५ सय रूपैया अनुमान गरिएको मा क्रमश: चालु तर्फ रू २४ करोड ९० लाख ४ हजार २ सय ३६ रूपैया र पूँजीगत तर्फ १४ करोड २६ लाख ९२ हजार ७ सय ६४ रूपैया खर्च हुने संशोधित अनुमान गरिएको छ।

**आदरणीय नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरू !**

आ.व.२०८१/०८२ मा बडीमालिका नगरपालिकामा तपशिलमा उल्लेखित स्रोतहरूबाट आम्दानी हुने लक्ष्य राखिएको जानकारी गराउँदछु। जसको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :

**१- आन्तरिक राजश्वबाट रू ४ करोड ७३ लाख ९८ हजार प्राप्त हुनेछ।**

**२- संघीय सरकारबाट प्राप्त हुने अनुदानको प्रकार**

- सर्शत अनुदान चालु तर्फ रू १७ करोड ८३ लाख ९५ हजार प्राप्त हुनेछ।
- सर्शत अनुदान पूँजीगत तर्फ रू १८ लाख प्राप्त हुनेछ।
- वित्तीय समानीकरण अनुदान तर्फ रू १० करोड ४७ लाख प्राप्त हुनेछ।
- समपुरक अनुदान तर्फ रू २ करोड ३० लाख प्राप्त हुनेछ।
- राजश्व वाँडफाँड तर्फ रू ९ करोड ५२ लाख प्राप्त हुनेछ।
- **संघीय सरकारबाट जम्मा रू ४० करोड ३० लाख ९५ हजार प्राप्त हुनेछ।**

**३ सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम**

- सर्शत अनुदान चालु तर्फ रू ५४ लाख ३० हजार प्राप्त हुनेछ।
- वित्तीय समानीकरण अनुदान तर्फ रू ९६ लाख ५२ हजार प्राप्त हुनेछ।
- समपुरक अनुदान तर्फ रू २ करोड १५ लाख ३७ हजार प्राप्त हुनेछ।
- विशेष अनुदान तर्फ रू ६५ लाख प्राप्त हुनेछ।
- राजश्व वाँडफाँड तर्फ रू २३ लाख ७ हजार प्राप्त हुनेछ।
- **प्रदेश तर्फबाट जम्मा रू ४ करोड ५४ लाख २६ हजार प्राप्त हुनेछ।**

**४ अन्य विभिन्न विकास साझेदारबाट प्राप्त हुने अनुदान**

- सडक वोर्ड नेपाल ५० लाख प्राप्त हुनेछ।
- युनिसेफ १५ लाख प्राप्त हुनेछ।
- अन्य १५ लाख प्राप्त हुनेछ।
  अन्य निकायबाट जम्मा ८० लाख प्राप्त हुनेछ।

**कुल जम्मा आय रू ५० करोड ३९ लाख १९ हजार हुने लक्ष्य प्रस्ताव गरेको छु ।**

**आदरणीय नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरू !**

अब म आ.व.२०८१/०८२ को विनियोजित बजेट प्रस्तुत गर्न चाहान्छु ।

संघीय सरकारको तर्फबाट सर्शत अनुदान रू १८ करोड १ लाख ९५ हजार, समपुरक अनुदान २ करोड ३० लाख, सुदूरपश्चिम सरकारको तर्फबाट सर्शत ५४ लाख ३० हजार, समपुरक अनुदान २ करोड १५ लाख ३७ हजार र विशेष अनुदान ६५ लाखलाई तोकिएको कार्यविधि अनुरूप नै खर्च हुने गरी यस बजेटमा समाबेश गरिएको छ।

**आदरणीय नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरू !**

अब म वडागत, विभिन्न विषयगत शाखा र नगरकार्यपालिकाको कार्यालयको बजेट विनियोजन पेश गर्न चाहान्छु।

आ.व.२०८१/०८२ को कुल बिनियोजन रकम रू ५० करोड ३९ लाख १९ मध्ये चालु तर्फ ३२ करोड ५९ लाख ८८ हजार ४ सय रूपैया (६४.६९ प्रतिशत) र पूँजीगत खर्च तर्फ रू १७ करोड ७९ लाख ३० हजार ६ सय रूपैया (३५.३१ प्रतिशत) विनियोजन गरिएको छ।

बडीमालिका भित्रका नौ वटै वडामा चालु तथा प्रशासनिक खर्चका लागि ११ लाख ७० हजार विनियोजन गरेको छु भने पूँजीगत तर्फ न्यूनतम अनुदान तर्फ १ करोड ५० लाखलाई प्रति वडा न्यूनतम १६ लाख ६६ हजारका दरले र सुत्रमा आधारित अनुदानमा ५० लाखलाई विभिन्न सूचाङ्कका आधार वडालाई विनियोजन गरेको छु ।

## आर्थिक विकास समिति तर्फ :

विनियोजित रकम – २ करोड ३१ लाख १ हजार

### कृषि तर्फ :

आर्थिक समृद्धिको पहिलो आधारः कृषि नै हो पहिलो पूर्वाधार भन्ने अभियान तथा किसानको लगानी किसानकै आम्दानी, रैथाने बाली उपहार कार्यक्रम, तपाई गर्नुस् उत्पादन हामी खोज्छौ बजार जस्ता नीतिलाई कार्यान्वयनका लागि विभिन्न कृयाकलाप संचालनको लागि ५२ लाख बजेटको व्यवस्था गरेको छु ।

### उद्योग तर्फ

नगर प्रमुख सीप रोजगार प्रवर्द्धन कार्यक्रमलाई कार्यान्वयन गर्न कोदोको विस्कुट, कुकिज निर्माण गर्ने उद्योग स्थापनाका लागि २० लाख बजेट बिनियोजन गरेको छु ।

लघु उद्यम सृजना तथा विकास विस्तार सहित व्यवसाय सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छु । उद्योग तर्फ कुल ३३ लाख बजेट बिनियोजन गरेको छु ।

### पर्यटन तर्फ

बडीमालिका सहित धार्मिक एवं मनोरञ्जनात्म क्षेत्रको विकास विस्तार गर्न **पर्यटकको नियमितता बडीमालिका तिर्थयात्रा** भन्ने नारालाई साकार पारी विरेखोला झरना संरक्षण एवं व्यवस्थापन सहित पर्टयन क्षेत्रमा २९ लाख १६ हजार बजेट विनियोजन गरेको छु ।

**वित्तिय क्षेत्र एवं सहकारी तर्फ**

एक व्यक्ति एक सहकारी सदस्यता नीतिलाई कार्यान्वयन गर्दै व्यवसायिक सहुलियत ऋण साझेदारी कार्यक्रम, सहकारी प्रवर्द्धन, कोपोमिस संचालन जस्ता कृयाकलापहरूका लागि २ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

**पशुपन्छी तर्फ**

गोठ देखि ओठसम्म नीतिलाई कार्यान्वयन गर्न नश्लसुधार, घाँस विकास कार्यक्रम, पशु शिविर, माईक्रोस्कोप, पशु औषधी खरिद, बाख्रा खोर निर्माण सुधार, बाख्रा प्रवर्द्धन, कृतिम गर्भाधान, गोठसुधार जस्ता कार्यक्रमका लागि २६ लाख २९ हजार बजेट बिनियोजन गरेको छु ।

**सामाजिक विकास समिति तर्फ :**

विनियोजन – १८ करोड ८३ लाख ३६ हजार

**शिक्षा तर्फ**

शिक्षण सिकाइ सहयोगका लागि एकमुष्ट अनुदान, दरबन्दी मिलान शिक्षक नियुक्ती सम्वन्धि कार्यविधी २०८० को कार्यान्वयनका लागि रू १ करोड ७४ लाख, चोयाकोट मा.वि.को चारकोठे भवन निर्माणका लागि ४० लाख, पाथरकोट आ.वि. शौचालय, कैलाशेश्वरी मा.वि.मना, त्रिभुवन आ.वि., जैसीडाँडा आ.वि. घटालेश्वरी आ.वि., जाल्पादेवी मा.वि. लगायत विद्यालयको भौतिक संरचना निर्माणको लागि बजेट विनियोजन गरिएको छ। उपप्रमुखसँग छात्रा छात्रवृत्ती कार्यक्रम तर्फ ५ लाख, विद्यालय व्यवस्थापन, छात्राहरूको लागि स्यानेटरी प्याड वितरण, अधुरा विद्यालयको भवन निर्माण, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, परीक्षा व्यवस्थापन जस्ता कृयाकलापहरूका लागि  १३ करोड ४५ लाख ३२ हजार रकम विनियोजन गरेको छु ।

**स्वास्थ्य तर्फ**

पालिकामा रहेको १० शैया अस्पताल निर्माण कार्यलाई सम्पन्न गरिनेछ। नगर प्रमुखसँग चिकित्सक टेलीमेडिसिन कार्यक्रम, औषधी खरिद, विपन्न नागरिक उपचार सहायता, सुत्केरी महिलाको पोषण सुधारका लागि नगर उपप्रमुख कार्यक्रम, नगरबासीको एकीकृत स्वास्थ्य सूचना मार्फत रिफरल केन्द्र स्थापना जस्ता कार्यक्रमहरूका लागि ३ करोड ६६ लाख १७ हजार रकम विनियोजन गरेको छु।

**खानेपानी तथा सरसफाई तर्फ**

मार्तडी वृहत खानेपानी मार्तडीलाई ३० लाख सहित बडीमालिका गौमुलदर्ना खानेपानी, तल्लाबाडा खानेपानी, ऐरेडी खानेपानी  लगायतका १३ वटा आयोजनाहरूका लागि ७० लाख १५ हजार बजेट विनियोजन गरेको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवं संरक्षण तर्फ**

एकल पुरूष तथा महिलाका विशेष भत्ता, ग वर्गका अपाङ्गहरूका लागि भत्ता, महिला, बालबालिका, दलित, जनजाती, जेष्ठ नागरिक, अपाङ्ग, लैङ्गिक हिन्सा न्यूनिकरण सहितका लक्षित कार्यक्रमका लागि आवश्यक

बजेट विनियोजन गरेको छु। बडीमालिकाको सान महिनाको १ दिन अनिवार्य श्रमदान अभियान, पोषण कार्यक्रम, रोजगारी सृजना, पत्रकार क्षमता विकास एवं सम्मान कार्यक्रम जस्ता कार्यक्रहरूका लागि ६६ लाख बजेट विनियोजन गरेको छु।

**युवा तथा खेलकुद भाषा सँस्कृति तर्फ**

खेलको माध्यमबाट युवाहरूलाई अनुशासित स्वस्थ बनाउने तथा स्थानीय भाषा सँस्कृतिको संरक्षण सम्वर्द्धन जस्ता कृयाकलापहरूका लागि ११ लाख ४१ हजार बजेट विनियोजन गरेको छु।

## पूर्वाधार विकास तर्फ :

विनियोजन – ११ करोड ४३ लाख

**यातायात पूर्वाधार तर्फ**

पालिकाको स्वामित्व रहेको ब्याकलोडर प्रयोग गरी सडक पहुँचलाई सहज बनाउनका लागि बडीमालिका पर्यटकीय सडक तर्फ १ करोड ३० लाख, मार्तडी बुढाकोर्ध सडक तर्फ ६६ लाख ३७ हजार, मेलकाँध रजाली सडक तर्फ ७४ लाख, थुवाकाँद देखि डोलाकाट्यु सडक तर्फ १० लाख, सिमखेत हुँदै मसानघाट सडक, घोलाडाँडा पडा सडक, गैरबजार देखि बाउली सडक, घोगाडी खड्काबाडा हुदै पिपलगाउँ सडक लगायतका सडक पूर्वाधारका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

संघ र प्रदेश समपुरक योजनाको लागि साझेदारी तर्फ ३ करोड विनियोजन गरेको छु। नगरस्तरीय मर्मत कोष तर्फ ३० लाख बजेट विनियोजन गरेको छु। नगरप्रमुखसँग विश्वास अभियानका लागि ३० लाख बजेटको व्यवस्थापन गरेको छु।

भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रम एवं चालु खर्चको दायित्व भुक्तानीका लागि २ करोड बजेटको व्यवस्था गरेको छु।

**भवन तथा शहरी विकास तर्फ**

अधुरा शहरी स्वास्थ्य केन्द्रका भवन निर्माण, वडा कार्यालय भवन निर्माण तर्फ १ करोड २५ लाख, कवडहल निर्माण तर्फ १५ लाख वजेट बिनियोजन गरेको छु।

## वन वातावरण तथा विपद व्यवस्थापन एवं सुशासन अन्तर सम्बन्धित क्षेत्र तर्फ

**विनियोजन – १ करोड २३ लाख ६ हजार**

**वातावरण तथा जलवायु र अन्तरसम्वन्धित क्षेत्र**

वातावरणीय परीक्षण, जलबायु उत्थानसिलता, दिगो विकासको स्थानीयकरण र विपद व्यवस्थापन तर्फ ५१ लाख विनियोजन गरेको छु। वडा स्तरीय विपद व्यवस्थापन कार्यक्रम, यु एन एफ पि ए सहित विभिन्न विकास साझेदारहरूसँगको साझेदारी तर्फ विनियोजन गरेको छु।

**कार्यालय संचालन तथा प्रशासनीक तर्फ :**

प्रविधीमैत्री बडीमालिका नगरपालिकाको संस्थागत विकास र संचालनको लागि २० लाख, सवै वडा कार्यालय, स्वास्थ्य संस्था, नगरपालिकाका विभिन्न शाखा उपशाखा, न्यायीक समिति व्यवस्थापन तथा संचालनको लागि १० लाख, सार्वजनिक सुनुवाई, चौमासिक समिक्षा, उपभोक्ता समितिलाई तालिम, पत्रपत्रिका जस्ता कृयाकलापहरूका लागि १६ करोड ५८ लाख ७६ हजार बजेट विनियोजन गरेको छु।

**आदरणीय नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरू !**

बजेट तर्जुमासँगसँगै यसको कार्यान्वयनको लागि मंसिर भित्र बजेट सुनिश्चिता भएका सम्पूर्ण योजना तथा कार्याक्रमको निर्माणको प्रकृया अगाडि बढाउने व्यवस्था मिलाएको छु। लक्ष्य अनुरूपका कार्यक्रमहरू समयै संचालन हुन सके मात्र अपेक्षित नतिजा हाँसिल गर्न सकिन्छ। कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदाय, सामाजिक संस्थाको अत्यन्त ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायको तर्फबाट अपनत्व ग्रहण गरी यसको सफल कार्यान्वयनमा सहयोग पुऱ्याउने अपेक्षा लिएको छु। प्रस्तावित कार्यक्रमबाट नगरपालिकाले प्रदान गर्ने सेवाप्रवाहमा गुणात्मक सुधार आई सुशासन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिएको छु। प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै सरोकारवाला पक्षसँग सहयोग र सहकार्यको अपेक्षा गर्दछु।

**आदरणीय नगरसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरू !**

बडीमालिका नगरपालिकाको गरिमामय यस पन्ध्रौं नगरसभाको बजेट निर्माण गर्न अहोरात्र खटिनुहुने नगरसभा सदस्यहरू, विषयगत समितिका संयोजक एवं सदस्य, बजेट तर्जुमा समिति, बजेट मस्यौदा समिति, कर्मचारी मित्रहरू, बडीमालिका नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरू लगायत सम्पूर्ण बडीमालिका नगरपालिकाका शुभचिन्तकहरूमा धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, जिल्ला बाहिर विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई नगरको समृद्धि र नगरबासीको हितमा सहयोग र लगानी गरी योगदान गर्न आव्हान गर्दछु।
धन्यवाद।

नन्दा कुमारी थापा
नगर उपप्रमुख
बडीमालिका नगरपालिका
मार्तडी, बाजुरा।

मिति २०८१ असार १० गते सोमबार।